## मिति २०८१/१०/०८ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु :

**निर्णय नं. १**

तराई क्षेत्रमा चलिरहेको शितलहरका कारण अत्यधिक चिसो भएकोले मिति २०८१/१०/०९ देखि २०८१/१०/११ गतेसम्म ३ (तीन) दिनका लागि नेपालगञ्ज उप-महानगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण विद्यालयहरुमा पठनपाठन अनिवार्य रुपमा बन्द गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

यस नेपालगञ्ज उप-महानगरपालिका ०२ नं. वडामा अवस्थित बागेश्वरी मन्दिर सञ्चालनका लागि गठित श्री बागेश्वरी मन्दिर गुठी व्यवस्थापन समितिको पदावधि हाल सकिएको हुँदा नयाँ समिति गठनका लागि तत्काल प्रक्रिया अगाडि बढाईदिनका लागि श्री गुठी संस्थान, श्री जिल्ला प्रशासन कार्यालय, बाँके, नेपालगञ्ज र श्री भूमि सुधार तथा मालपोत कार्यालय, बाँके, नेपालगञ्जलाई पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

यस नेपालगञ्ज उप-महानगरपालिका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाको आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत जेसी अडिट प्रतिवेदन तथा कार्ययोजना निर्माण एवं प्रस्तुतिकरण रहेकोमा बागेश्वरी असल शासन क्लब (बास), नेपालगञ्ज सँग सम्झौता गरी जेसी अडिट प्रतिवेदन तथा कार्ययोजना निर्माण एवं प्रस्तुतिकरण सम्पन्न भई प्रतिवेदन अनुसार आ.व. २०८०/०८१ मा यस कार्यालयलाई ६५ (पैसठ्ठी) अंक प्राप्त भएको हुँदा उक्त नतिजा सार्वजनिक गर्ने प्रयोजनका लागि अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

नेपालगञ्ज उप-महानगरपालिकाको गरिवसँग स्थानीय सरकार सञ्चालन कार्यविधि, २०८० को दफा २१ बमोजिम प्रतिफलमुखी योजनाहरुको प्राथमिकीकरण पश्चात ऋण लगानीको चरणमा प्रवेश गर्न साथै नियमित किस्ता नवुझाई भाखा नाघेका ऋणीहरुवाट नियमानुसारको सावाँ, व्याज र जरिवाना रकम असुलीका लागि कार्यविधिमा भएको अधिकार प्रयोग गर्ने गरी कार्यविधिको दफा २२ बमोजिम तपसिल अनुसारको गरिवसँग स्थानीय सरकार कार्यक्रम व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | नाम, थर | पद |
|---|---|---|
| १. | श्री राजकुमार साहु (तेली), वडा अध्यक्ष, वडा नं. २१ | संयोजक |
| २. | श्री गोपाल पुन, वडा अध्यक्ष, वडा नं. ४ | सदस्य |
| ३. | श्री रजनीश बाजपेयी, वडा अध्यक्ष, वडा नं. ८ | सदस्य |
| ४. | श्री गोबिन्द प्रसाद रेग्मी, वडा अध्यक्ष, वडा नं. ९ | सदस्य |
| ५. | श्री शोभा खटिक, कार्यपालिका सदस्य | सदस्य |
| ६. | श्री कृष्ण प्रसाद जोशी, अधिकृत सातौ, सामाजिक,गै.स.स. तथा साझेदारी विकास शाखा प्रमुख | सदस्य-सचिव |

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका

## मिति २०८१/१०/०८ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु :

**निर्णय नं. ५**

यस नेपालगञ्ज उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय, बाँके र यस कार्यालयमा सूची दर्ता भएका सप्लायर्सहरुवाट पेश भएको दररेट अनुसार न्यूनतम दररेट पेश भएका Smart Infra Tech Solutions Pvt.Ltd, Kathmandu विच मिति २०८१/०२/०४ (Metric House Numbering with Number Plate Installation Project ward No.1) मा भएको सम्झौता बमोजिम तोकिएको समयमा कार्य सम्पन्न गर्न नसकिएको हुँदा २०८१ फागुन ३० गते सम्मको लागि म्याद थप गरी पाउँ भनी Smart Infra Tech Solutions Pvt.Ltd. Kathmandu ले मिति २०८१/०७/०७ गते यस कार्यालयमा निवेदन पेश गरेको, नेपालगञ्ज उप-महानगरपालिका नगर कार्यपालिकाको मिति २०८१/०५/०९ गते बसेको बोर्ड बैठकले मिति २०८१/०७/३० गते सम्म कार्य सम्पन्न गर्ने गरी म्याद थप गरेकोमा नम्बर प्लेट जडान गर्दा केहि टोलहरुको नाम फरक पर्न गएकोले नम्बर प्लेट रि प्रिन्ट गर्नु परेको कारण समयमा कार्य सम्पन्न नभएको हुँदा म्याद थप गर्न आवश्यक भएको भनी भौतिक पूर्वाधार तथा सहरी विकास शाखाबाट म्याद थप सम्बन्धि प्रतिवेदन पेश भई आएकाले सोही बमोजिम सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ तथा ऐ. नियमावली, २०६४ को नियम १२० र नेपालगञ्ज उप-महानगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०८१ को नियम १३३ वमोजिम मिति २०८१ फागुन ३० गते सम्म कार्य सम्पन्न गर्ने गरी म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

यस नेपालगञ्ज उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय, बाँके र Delcon International Pvt. Ltd., Jawalakhel, Lalitpur विच मिति २०८१/०३/०४ गते नगर यातायात गुरु योजना निर्माणका लागि सम्झौता भएकोमा तोकिएको समयमा धेरै फिल्ड सर्भे गर्नुपर्ने भएकोले कार्य सम्पन्न गर्न नसकिएको हुँदा म्याद थप गरी पाउँ भनी Delcon International Pvt. Ltd., Jawalakhel, Lalitpur ले यस कार्यालयमा निवेदन पेश गरेको हुँदा मिति २०८२ जेठ मसान्त सम्म कार्य सम्पन्न गर्ने गरी म्याद थप गर्ने निर्णय गरियो ।

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका